राष्ट्रियता Nationality ★ लोकतन्त्र Democracy ★ समाजवाद Socialism ★ विद्यार्थी एकता Student's Unity

# नेपाल विद्यार्थी संघ
# NEPAL STUDENTS' UNION

(2070)
केन्द्रीय कार्यालय काठमाण्डौं
Central Office, Kathmandu

Ref. No:

२०७९/०५/०६

## प्रेस विज्ञप्ति

## आन्दोलनप्रती ऐक्यबद्धता र माग सम्बोधन सम्बन्धमा

नेपाल विद्यार्थी संघ राष्ट्रियता, लोकतन्त्र, समाजवाद र विद्यार्थी एकता लाई आत्मसात गरि प्रजातान्त्रिक मुल्य, मान्यता आदर्श र सिद्धान्तमा अडिग रहि निस्ठापुर्वक नेपालको शैक्षिक विकृति अन्याय अत्याचार र विसङ्गति विरुद्ध निरन्तर खबरदारी गर्दै नेपालको हरेक राजनीतिक सामाजिक र शैक्षिक आन्दोलनमा अग्रणी भुमिका निभाउदै आएको यथार्थ सर्वविदितै छ ।

पछिल्लो समय नेपाल विद्यार्थी संघ पुर्वाञ्चल विश्वविद्यालयका साथीहरू तथा विश्वविद्यालय मातहतका समितिले विभिन्न शैक्षिक सुधारका मागहरू, परीक्षा नियमावली संशोधन तथा परिमार्जन गरि तत्काल लागू गर्नुपर्ने, कोडिङ डिकोडिङ लागू हुनुपर्ने, परिक्षा केन्द्र रोटेशन को आधारमा राखिनु पर्ने, ईन्जिनियरिङ, मेडिकल एन्ड अप्लाइड साइन्स लगायत अरु संकायहरुको वार्षिक र सेमेस्टर प्रणालीमा मौका परीक्षाको व्यवस्था हुनुपर्ने, परीक्षा नतिजा तिन महिना भित्र प्रकाशन गरिसक्नु पर्ने, प्रवेश परीक्षा र छात्रवृत्तिका परीक्षा स्वयं विश्वविद्यालयले नै संचालन गर्नुपर्ने, चक्रवर्ती हवि लगाएत अन्य कलेजमा गरिएको चर्को र अवैज्ञानिक शुल्कवृद्धि घटाइ शुल्क सम्बन्धि उचित मापदण्ड तयार गर्नुपर्ने, लगायत १५ बुंदे माग राखि आन्दोलनरत रहेको प्रती नेपाल विद्यार्थी संघ केन्द्रीय समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

पुर्वाञ्चल विश्वविद्यालयका साथीहरू तथा विश्वविद्यालयका मातहतका समितिहरुको अगुवाइमा विभिन्न कालखण्डमा भएका आन्दोलन र धर्नाका कार्यक्रमहरुको उपलब्धि स्वरुप विश्वविद्यालय र आन्दोलनरत विद्यार्थी बिचमा भएका सम्झौता कार्यान्वयन नहुनु विद्यार्थीहरुका समस्या समाधानका लागि विश्वविद्यालय र विद्यार्थी बिच भएका वार्ता तथा सम्झौताहरुलाई विश्वविद्यालयले बेवास्ता गरेका कारण विद्यार्थी आन्दोलित हुनुपरेको संघको ठहर छ ।

पुर्वाञ्चल विश्वविद्यालयका साथीहरू र विश्वविद्यालय मातहतका समितिको आव्हानमा मिति २०७९/०४/२४ गते देखि शैक्षिक सुधारका लागि विभिन्न मागहरु राखी ज्ञापनपत्र बुझाउने, हस्ताक्षर संकलन गरि बुझाउने तथा अन्य आन्दोलनका कार्यक्रम भइरहेको हुँदा नेपाल विद्यार्थी संघ केन्द्रीय समिति उक्त आन्दोलनात्मक कार्यक्रमको पुर्ण समर्थन गर्दै बिद्यार्थीहरुका माग प्रती ऐक्यबद्धता व्यक्त गर्दछ। विद्यार्थीहरुको आन्दोलनलाई थप उचाइमा पुर्‍याउन आवश्यक पर्ने साथ र सहयोग संघबाट सदैव प्राप्त भइरहने प्रतिबद्धता समेत जनाउँछ । साथै आन्दोलनबाट कत्ति पनि विचलित नभई माग पुरा गराउन तमाम विद्यार्थी साथीहरु एकजुट हुन समेत आग्रह गर्दछ। तसर्थ विद्यार्थीहरुका जायज माग पूरा गरि प्राज्ञिक मर्यादा र शैक्षिक वातावरण सृजना गरिदिन हुन विश्वविद्यालय प्रशासनलाई हार्दिक अनुरोध समेत गर्दछु ।

जय नेपाल !

दुजाङ शेर्पा
अध्यक्ष
नेपाल विद्यार्थी संघ
केन्द्रीय कार्यसमिति

P.O. Box : 7726, Anamnagar,Kathmandu,Nepal
Tel./Fax: +977-01-4425941, E-mail: info@nsu.org.np
www.nsu.org.np